# उद्धारको लागि परमेश्वरको योजना

## परिचय

१ युहन्ना ५:१३ तिमीहरुले अनन्त जीवन पाएका छौ भन्ने कुरा जान भन्ने हेतूले परमेश्वरको पुत्रको नाउँमा विश्वास गर्ने तिमीहरुलाई यो पत्र लेख्दैछु ।

## १. छुट्कारा दिनु भनेको ऋण मेटाउनु हो ।

रोमी ३:१० जसो लेखिएको छ, “धर्मी कोही छैन, एकजना पनि छैन ।”

रोमी ३:२३ किनकी सबैले पाप गरेका छन्, र परमेश्वरको महिमा सम्म पुग्नबाट चुकेका छन् ।



**छुट्कारा दिनु भनेको ऋण मेटाउनु हो**

## २. हामीले आफ्नो पापद्वारा अनन्तको मृत्यु कमाएका छौं ।

रोमी ६:२३ किनकी पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो ।

प्रकाश २१:८ तर डरपोकहरु, अविश्वासीहरु, घिनलाग्दा भएकाहरु, हत्याराहरु, व्यभिचारीहरु, जादुगरहरु, मूर्तिपूजकहरु र झुट बोल्नेहरु सबैको हिस्सा आगो र गन्धक दन्कने कुण्डमा हुनेछ । यो दोश्रो मृत्यु हो ।

**३. येशू क्रुसमा मर्नुभयो र हाम्रो पापको सजाय-मृत्युलाई अंगाल्नुभयो ।**

१ पत्रुस १:३ परमेश्वर र हाम्रा प्रभु येशू ख्रीष्टका पिता धन्यका हुनुहुन्छ । उहाँको महान् कृपाले मृतकबाट येशू ख्रीष्टको पुर्नउत्थानद्वारा एउटा जीवित आशाको निम्ति हामी नयाँ गरी जन्मेका छौं ।

रोमी ६:२३ किनकी पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो ।



**येशू ख्रीष्ट पापीहरुको लागि मर्नुभयो**

**४. परमेश्वरको अनुग्रह र दयाको कारण, तपाईले केवल विश्वास साथ येशूलाई ग्रहण गर्नमात्र पर्दछ ।**

प्रेरित ४:१२ अरु कसैमा मुक्ति छैन, किनकी हामीले मुक्ति पाउनलाई स्वर्ग मुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन ।

एफिसी २:८-९ किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरुले उद्धार पाएका छौ-र यो तिमीहरु आफैंबाट होइन, यो त परमेश्वरको वरदान हो-कर्महरुद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ ।

तीतस ३:५ तब हामी आफैले धार्मिकतामा गरेको कामबाट होइन तर उहाँको आफ्नै कृपाअनुसार पुर्नजीवनको स्नानद्वारा र पवित्र आत्माद्वारा भएको नवीकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो ।

**५. यदि तपाईले येशूलाई मुक्तिदाता भनेर विश्वास गर्नुभयो भने, तपाईको पापहरु क्षमा हुनेछन् ।**

रोमी १०:९,१० किनकी यदि तिमीले येशूलाई प्रभु हो भनि आफ्नो मुखले स्वीकार गऱ्यौ र परमेश्वरले उहाँलाई मरेकाहरुबाट जीवित पार्नुभयो भनि आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनेछ। किनकी मानिसले आफ्नो हृदयले विश्वास गर्छ र ऊ निर्दोष ठहरिन्छ, अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ।



के तपाई येशूमाथि पूर्ण भरोशा रान्नुहुन्छ ?

यदि तपाई येशू खीष्टलाई ग्रहण गर्न चाहुनुहन्छ भने, तपाई यहाँ दिइएको यो प्रार्थना गर्न सक्नुहुन्छ। तर सम्फनुहोस्, यो प्रार्थना वा अरु कुनै प्रार्थनाले तपाईलाई बचाउन सक्दैन। खीष्टमा पूर्ण भरोसा गरेर मात्र पापबाट छुट्कारा पाइन्छ। यो प्रार्थना परमेश्वरलाई तपाईले उहाँमा गर्नुभएको विश्वास र तपाईलाई क्षमादान दिनु भएको लागि उहालाई धन्यवाद चढाउने एक साधारण अभिव्यक्ति मात्र हो।

परमेश्वर पिता, मैले तपाईको विरुद्धमा पाप गरेको छु र दण्ड भोग्न योग्यको छु। तर मेरो पापको सजाय येशू खीष्टले क्रुसमा लिनुभयो ताकि उहाँमा विश्वास गरेर मलाई क्षमा भएको छ। म आफ्नो पापबाट फर्केर मेरो मुक्तिको लागि तपाईमा भरोसा गर्दछु। तपाईको महान् अनुग्रह तथा पाप क्षमाको लागि धन्यवाद दिदछु। आमेन।

**Translated by Pastor Devaraj Bhandari**

**Amazing Grace Publishing ∗100 Lakeview Court ∗ Joshua TX 76058 ∗ 817-426-1828 ***

**E-Mail JamesAV@aol.com**